- **सेक्सटिंग (Sexting)** : सामाजिक सञ्जालमा फोटो, भिडियो, म्यासेज पठाउने साथै पठाउन लगाउने ।
- **फिसिंग** : पुरस्कार वा उपहार दाबी गर्न इमेल पठाएर वा अन्य तरिकाबाट पासवर्ड, बैंक खाता सम्बन्धी सूचना, क्रेडिट कार्ड नम्बर पत्ता लगाई ठग्ने ।

## साइबर अपराध सम्बन्धी नेपालमा कानूनी प्रावधान

विद्युतीय कारोवार ऐन, २०६३ अर्न्तगत कम्प्यूटर श्रोत संकेतको चोरी, नष्ट वा परिवर्तन गर्ने, कम्प्यूटर सामाग्रीमा अनाधिकृत पहुँच, कम्प्यूटर र सूचना प्रणालीमा क्षती पुऱ्याउने, विद्युतीय स्वरूपमा गैह्र कानूनी कुरा प्रकाशन गर्ने, गोपनियता भङ्ग गर्ने, झुठ्ठा व्यहोराको सूचना दिने, झुठ्ठा ईजाजत पत्र वा प्रमाण-पत्र पेश गर्ने वा देखाउने, तोकिएको विवरण वा कागजात दाखिला नगर्ने, रितपूर्वक सुरक्षित साथ राख्नु पर्ने कुनै श्रेष्ता आदि सुरक्षित तथा रित पूर्वक नराख्ने, कम्प्यूटर जालसाजी गर्ने जस्ता कार्य साईवर अपराध अन्तर्गत पर्दछन् ।
विद्युतीय कारोवार ऐनले यस्ता अपराध अन्य क्रियालाई सामान्यतः २, ३ वा ५ वर्षसम्म कैद वा १ वा २ लाख सम्मको जरीवाना वा कैद तथा जरिवाना दुवै समेत हुने व्यवस्था गरेको छ । विद्युतीय कारोवार ऐन, २०६३ वा ऐन अर्न्तगत बनेको नियमको उल्लंघन भएको कसुर (साईबर अपराध) मा त्यस्तो उल्लंघन वा कसुर भए गरको थाहा पाएको मितिले ३५ दिन भित्र प्रहरीमा उजुरी दिनु पर्नेछ । यी बाहेक संघीय संरचना पछि नयाँ थप प्रभावकारी, कानुनहरू आउनेक्रममा छन् त्यसको वारेमा समेत जानकार भई अरूलाई सचेत गराउने दायित्व हामी सबैको हो ।

## आफूलाई समस्या परेमा के कसरी समाधान गर्न सकिन्छ ?

विज्ञान प्रविधिको प्रयोगसँग साईवर (हेपाई, बुलिङ) तथा त्यसबाट सिर्जित अपराधहरू दिनप्रतिदिन बढ्दै गईरहेको, त्यस्ता जोखिमबाट आफू, आफ्नो बालबालिकालाई जोगाउँदै समस्याको समाधानका लागि कानूनी उपचारको लागि निम्न लिखित पैसा नलाग्ने हटलाईन नम्बर हरूमा तथा नेपाल प्रहरी, स्थानिय तहको जनप्रतिनिधि, शिक्षक, अभिभावकहरू लाई तुरून्त खवर गर्नुपर्दछ ।

**हटलाईन नम्बरहरु: १००, १०४, १०९८, ११४५**
**राष्ट्रिय मानव अधिकार आयोग: ०१-५०१००००**

**सहयोग:**

KANALLAN
GIVING RIGHT NOW


**सहकार्य:**

National Coalition For Girls Rights • Nepal • 2019

Asian Girl Campaign
Empower Girls • Empower the World


**Central Contact Office :**
Kathmandu Metropolitan City-29, Sagarmatha Marga, Anamnagar, Nepal
Phone No. : +977-01- 4772111, Email: jcycn2001@gmail.com
Website: www.jcycnepal.org.np, https://www.facebook.com/pg/JCYCNepal


"Empower the Girl, Change the World"



# साइबर हेपाइ बुलिङ (Bullying) तथा अपराध सम्बन्धी जानकारी

JCYCN 2001
Jagriti Child and Youth Concern Nepal
जागृति बाल तथा युवा सरोकार नेपाल

"Youth for Peace and Development"

## अनलाईन सुरक्षा (Online Safety) के हो ?

नयाँ प्रविधिको आगमनले इन्टरनेट एक दैनिक क्रियाकलापको लागि सहयोगीको रूपमा उपस्थित रहि रहेको छ । इन्टरनेटको सहायताले विभिन्न सामाजिक सञ्जालहरूमा पहुंच सहजै रूपमा पुग्न सकिन्छ र आफ्नो कार्यलाई सहजता ल्याउने गर्दछ । मोवाइल वा कम्प्यूटरमा इन्टरनेटको प्रयोग गरी आफ्नो ज्ञान तथा सीपको विकास गर्ने कुरामा दुईमत छैन तर कहिलेकाहि इन्टरनेटको सहि प्रयोग नभै अश्लिल फिल्म, फोटो तथा म्यासेजहरूको आदान-प्रदान तथा त्यस्ता साइटहरूमा पहुंचका कारण बालबालिकामा नकारात्मक विचार तथा व्यवहारमा अग्रसरता हुन जाने सम्भावना रहने हुन्छ, त्यसैले ती साइटहरूबाट बालबालिकाको पहुंचबाट टाढा राख्नुलाई अनलाईन सुरक्षा भनिन्छ । अनलाईन सुरक्षाको बारेमा कुरा गर्न जति सहज छ, त्यति नै व्यवहारमा उर्तान कठिन छ । अनलाईनको दुर्व्यवहारको सन्दर्भमा बालिका तथा किशोरीहरू तुलनात्मक रूपले बढि पर्ने गरेको अवस्था विद्यमान छ ।

## अनलाईन जोखिम हुने अवस्थाहरू:

- अनलाईन सम्बन्धी पूर्ण ज्ञान नहुनु
- अनलाईन सफ्टवेर तथा सामाजिक सञ्जालहरूको पासवर्ड कमजोर राख्नु
- अपरिचित व्यक्तिसँग सम्पर्क गरी व्यक्तिगत विवरण उपलब्ध गराउनु
- आफूलाई फाइदाको लोभलालचमा पार्नु,
- इन्टरनेट प्रयोगबाट परेको समस्या आफ्नो परिवार सदस्य तथा सम्बन्धित निकायमा समयमा जानकारी गराउन नसक्नु,

## अनलाईन सुरक्षाको लागि अपनाउनु पर्ने उपायहरू के-के हुन् ?

- आफूले प्रयोग गर्ने अनलाईन सफ्टवेयरहरूको पासवर्ड कठिन किसिमको राख्ने साथै समय समयमा पासवर्डहरू परिवर्तन गरिरहने
- अपरिचित व्यक्तिहरूलाई फेसबुक लगायत सामाजिक सञ्जालमा साथी नबनाउने ।
- आफ्नो पूर्ण व्यक्तिगत विवरणहरू अनलाईन सफ्टवेयर तथा सामाजिक सञ्जालमा नराख्ने जस्तै: फोन नं., पूर्ण ठेगाना आदि ।
- कसैले अनलाईनमा दु:ख दिएको खण्डमा आफ्नो परिवार सदस्यलाई जानकारी गराउने ।
- जतिसुकै नजिक वा विश्वासिलो साथीहरू भएता पनि व्यक्तिगत फोटोहरू तथा साथीको माग अनुसारको फोटो नपठाउने ।
- सामाजिक सञ्जालमा तपाईको आफ्नो गोपनियता सम्बन्धी सेटिङहरू हेरी आफ्नो खाता (account) लाई सुरक्षित बनाउनुहोस् ।
- कुराकानी गर्ने क्रममा कसैले तपाईलाई असहज लाग्ने कुरा गरेमा अस्विकार गर्ने र च्याट रूमबाट बहिरिने ।
- यदी कसैले अनलाइनमा दुर्व्यवहार गरेमा प्रमाण सुरक्षित राख्ने । जस्तै: फोटो, भिडियो, अडियो, स्क्रिनसट, अनलाईन लिङ्क सेभ गरेर प्रमाणका रूपमा पेश गर्न सुरक्षित र गोप्य राख्ने ।
- कोही बालबालिका अनलाइनमा दुर्व्यवहारमा परेमा उजुरी गर्न प्रेरित गर्ने र त्यस्ता बालबालिकाको पहिचान गोप्य राख्ने ।

## साइबर हेपाई बुलिङ (Bullying)

कुनै व्यक्ति वा समूहले नियतबस अन्य व्यक्ति वा समूहलाई शारीरिक वा संवेगनात्मक चोट पुऱ्याउने व्यवहार दोहऱ्याई रहनुलाई हेपाई भनिन्छ । यस किसिमको हेपाईमा ठेल्ने, खुट्टाले हिर्काउने, खानेकुरा खोसिदिने, अन्य नामले बोलाउने, अरूको नाम जोडेर बोलाउनु आदि पर्दछन् ।

साइबर हेपाई भन्नाले कुनै व्यक्तिले पटक-पटक अनलाईन, फोन वा विद्युतीय सामाग्रीहरूको प्रयोगबाट दुर्व्यवहार, हतोत्साहित गर्नु वा डर देखाउनुलाई बुझिन्छ ।

## साइवर अपराध (Cyber Crime) भनेको के हो ?

साइवर अपराध भन्नाले कम्प्यूटर नेटवर्कको मध्यमबाट कानूनको विरूद्धमा गरिने क्रियाकलापलाई बुझाउदछ । विद्युतीय सामाग्रीहरू (कम्प्यूटर, मोबाइल) को प्रयोगबाट गरिने अपराधिक कार्यलाई साइवर अपराध बुझाउदछ ।

## साइबर अपराध हुन सक्ने अवस्थाहरू

- साइबर ग्रूमिङ्ग : यौन शोषण गर्ने मनसायले नजिकिने, साथी बन्ने, फकाउने ।
- बालबालिकाको अश्लिल चित्र वा तस्वीर प्रर्दशन : बालबालिका अश्लिल फोटो र भिडियो, बनाउने र सामाजिक सञ्जालमा राख्ने ।
- अनलाईन यौन शोषण : बालबालिकालाई लोभ देखाई, झुक्काई वा धम्की दिएर सामाजिक सञ्जालमा नाङ्गा फोटा, भिडियो राख्न तथा अश्लील काम गर्न लगाउने ।
- साइबर हेपाई (Bullying) : इन्टरनेट मार्फत हेप्ने, धम्क्याउने, हत्तोत्साहित गर्ने, नराम्रो कुरा फैलाउने, बेइज्जत गर्ने ।

- **सेक्सटिंग (Sexting)** : सामाजिक सञ्जालमा फोटो, भिडियो, म्यासेज पठाउने साथै पठाउन लगाउने ।
- **फिसिंग** : पुरस्कार वा उपहार दाबी गर्न इमेल पठाएर वा अन्य तरिकाबाट पासवर्ड, बैंक खाता सम्बन्धी सूचना, क्रेडिट कार्ड नम्बर पत्ता लगाई ठग्ने ।

## साइबर अपराध सम्बन्धी नेपालमा कानूनी प्रावधान

विद्युतीय कारोवार ऐन, २०६३ अर्न्तगत कम्प्यूटर श्रोत संकेतको चोरी, नष्ट वा परिवर्तन गर्ने, कम्प्यूटर सामाग्रीमा अनाधिकृत पहुँच, कम्प्यूटर र सूचना प्रणालीमा क्षती पुऱ्याउने, विद्युतीय स्वरूपमा गैह्र कानूनी कुरा प्रकाशन गर्ने, गोपनियता भङ्ग गर्ने, झुठ्ठा व्यहोराको सूचना दिने, झुठ्ठा ईजाजत पत्र वा प्रमाण-पत्र पेश गर्ने वा देखाउने, तोकिएको विवरण वा कागजात दाखिला नगर्ने, रितपूर्वक सुरक्षित साथ राख्नु पर्ने कुनै श्रेष्ता आदि सुरक्षित तथा रित पूर्वक नराख्ने, कम्प्यूटर जालसाजी गर्ने जस्ता कार्य साईवर अपराध अन्तर्गत पर्दछन् ।

विद्युतीय कारोवार ऐनले यस्ता अपराध अन्य क्रियालाई सामान्यतः २, ३ वा ५ वर्षसम्म कैद वा १ वा २ लाख सम्मको जरीवाना वा कैद तथा जरिवाना दुवै समेत हुने व्यवस्था गरेको छ । विद्युतीय कारोवार ऐन, २०६३ वा ऐन अर्न्तगत बनेको नियमको उल्लंघन भएको कसुर (साईबर अपराध) मा त्यस्तो उल्लंघन वा कसुर भए गरको थाहा पाएको मितिले ३५ दिन भित्र प्रहरीमा उजुरी दिनु पर्नेछ । यी बाहेक संघीय संरचना पछि नयाँ थप प्रभावकारी, कानुनहरू आउनेक्रममा छन् त्यसको वारेमा समेत जानकार भई अरूलाई सचेत गराउने दायित्व हामी सबैको हो ।

## आफूलाई समस्या परेमा के कसरी समाधान गर्न सकिन्छ ?

विज्ञान प्रविधिको प्रयोगसँग साईवर (हेपाई, बुलिङ) तथा त्यसबाट सिर्जित अपराधहरू दिनप्रतिदिन बढ्दै गईरहेको, त्यस्ता जोखिमबाट आफू, आफ्नो बालबालिकालाई जोगाउँदै समस्याको समाधानका लागि कानूनी उपचारको लागि निम्न लिखित पैसा नलाग्ने हटलाईन नम्बर हरूमा तथा नेपाल प्रहरी, स्थानिय तहको जनप्रतिनिधि, शिक्षक, अभिभावकहरू लाई तुरून्त खवर गर्नुपर्दछ ।

**हटलाईन नम्बरहरु: १००, १०४, १०९८, ११४५**
**राष्ट्रिय मानव अधिकार आयोग: ०१-५०१००००**

**सहयोग:**

財團法人
勵馨社會福利事業基金會
The Garden of Hope Foundation

**सहकार्य:**

N-CFLG Forum
For the Children

National Coalition For Girls Rights Nepal 2019

जागृति बालक्लब, नेपाल — स्थापना : २०४८

Social Protection Civil Society Network

**Central Contact Office :**
Kathmandu Metropolitan City-29, Sagarmatha Marga, Anamnagar, Nepal
Phone No. : +977-01- 4772111, Email: jcycn2001@gmail.com
Website: www.jcycnepal.org.np, https://www.facebook.com/pg/JCYCNepal

"Empower the Girl, Change the World"

Asian Girl Campaign
Empower Girls • Empower the World



# साइबर हेपाइ बुलिङ (Bullying) तथा अपराध सम्बन्धी जानकारी

JCYCN 2001
Jagriti Child and Youth Concern Nepal
जागृति बाल तथा युवा सरोकार नेपाल

"Youth for Peace and Development"

## अनलाईन सुरक्षा (Online Safety) के हो ?

नयाँ प्रविधिको आगमनले इन्टरनेट एक दैनिक क्रियाकलापको लागि सहयोगीको रूपमा उपस्थित रहि रहेको छ । इन्टरनेटको सहायताले विभिन्न सामाजिक सञ्जालहरूमा पहुंच सहजै रूपमा पुग्न सकिन्छ र आफ्नो कार्यलाई सहजता ल्याउने गर्दछ । मोवाइल वा कम्प्यूटरमा इन्टरनेटको प्रयोग गरी आफ्नो ज्ञान तथा सीपको विकास गर्ने कुरामा दुईमत छैन तर कहिलेकाहि इन्टरनेटको सहि प्रयोग नभै अश्लिल फिल्म, फोटो तथा म्यासेजहरूको आदान-प्रदान तथा त्यस्ता साइटहरूमा पहुंचका कारण बालबालिकामा नकारात्मक विचार तथा व्यवहारमा अग्रसरता हुन जाने सम्भावना रहने हुन्छ, त्यसैले ती साइटहरूबाट बालबालिकाको पहुंचबाट टाढा राख्नुलाई अनलाईन सुरक्षा भनिन्छ । अनलाईन सुरक्षाको बारेमा कुरा गर्न जति सहज छ, त्यति नै व्यवहारमा उतार्न कठिन छ । अनलाईनको दुर्व्यवहारको सन्दर्भमा बालिका तथा किशोरीहरू तुलनात्मक रूपले बढि पर्न गरेको अवस्था विद्यमान छ ।

## अनलाईन जोखिम हुने अवस्थाहरू:

- अनलाईन सम्बन्धी पूर्ण ज्ञान नहुनु
- अनलाईन सफ्टवेर तथा सामाजिक सञ्जालहरूको पासवर्ड कमजोर राख्नु
- अपरिचित व्यक्तिसँग सम्पर्क गरी व्यक्तिगत विवरण उपलब्ध गराउनु
- आफूलाई फाइदाको लोभलालचमा पार्नु,
- इन्टरनेट प्रयोगबाट परेको समस्या आफ्नो परिवार सदस्य तथा सम्बन्धित निकायमा समयमा जानकारी गराउन नसक्नु,

## अनलाईन सुरक्षाको लागि अपनाउनु पर्ने उपायहरू के-के हुन् ?

- आफूले प्रयोग गर्ने अनलाईन सफ्टवेयरहरूको पासवर्ड कठिन किसिमको राख्ने साथै समय समयमा पासवर्डहरू परिवर्तन गरिरहने
- अपरिचित व्यक्तिहरूलाई फेसबुक लगायत सामाजिक सञ्जालमा साथी नबनाउने ।
- आफ्नो पूर्ण व्यक्तिगत विवरणहरू अनलाईन सफ्टवेयर तथा सामाजिक सञ्जालमा नराख्ने जस्तैः फोन नं., पूर्ण ठेगाना आदि ।
- कसैले अनलाईनमा दुःख दिएको खण्डमा आफ्नो परिवार सदस्यलाई जानकारी गराउने ।
- जतिसुकै नजिक वा विश्वासिलो साथीहरू भएता पनि व्यक्तिगत फोटोहरू तथा साथीको माग अनुसारको फोटो नपठाउने ।
- सामाजिक सञ्जालमा तपाईंको आफ्नो गोपनियता सम्बन्धी सेटिङहरू हेरी आफ्नो खाता (account) लाई सुरक्षित बनाउनुहोस् ।
- कुराकानी गर्ने क्रममा कसैले तपाईंलाई असहज लाग्ने कुरा गरेमा अस्विकार गर्ने र च्याट रूमबाट बहिरिने ।
- यदी कसैले अनलाइनमा दुर्व्यवहार गरेमा प्रमाण सुरक्षित राख्ने । जस्तैः फोटो, भिडियो, अडियो, स्क्रिनसट, अनलाईन लिङ्क सेभ गरेर प्रमाणका रूपमा पेश गर्न सुरक्षित र गोप्य राख्ने ।
- कोही बालबालिका अनलाइनमा दुर्व्यवहारमा परेमा उजुरी गर्न प्रेरित गर्ने र त्यस्ता बालबालिकाको पहिचान गोप्य राख्ने ।

## साइबर हेपाई बुलिङ (Bullying)

कुनै व्यक्ति वा समूहले नियतबस अन्य व्यक्ति वा समूहलाई शारीरिक वा संवेगनात्मक चोट पुऱ्याउने व्यवहार दोहऱ्याई रहनुलाई हेपाई भनिन्छ । यस किसिमको हेपाईमा ठेल्ने, खुट्टाले हिर्काउने, खानेकुरा खोसिदिने, अन्य नामले बोलाउने, अरूको नाम जोडेर बोलाउनु आदि पर्दछन् ।

साइबर हेपाई भन्नाले कुनै व्यक्तिले पटक-पटक अनलाईन, फोन वा विद्युतीय सामाग्रीहरूको प्रयोगबाट दुर्व्यवहार, हतोत्साहित गर्नु वा डर देखाउनुलाई बुझिन्छ ।

## साइवर अपराध (Cyber Crime) भनेको के हो ?

साइवर अपराध भन्नाले कम्प्यूटर नेटवर्कको मध्यमबाट कानूनको विरूद्धमा गरिने क्रियाकलापलाई बुझाउदछ । विद्युतीय सामाग्रीहरू (कम्प्यूटर, मोबाइल) को प्रयोगबाट गरिने अपराधिक कार्यलाई साइवर अपराध बुझाउदछ ।

## साइबर अपराध हुन सक्ने अवस्थाहरू

- साइबर ग्रूमिङ्ग : यौन शोषण गर्ने मनसायले नजिकिने, साथी बन्ने, फकाउने ।
- बालबालिकाको अश्लिल चित्र वा तस्वीर प्रर्दशन : बालबालिका अश्लिल फोटो र भिडियो, बनाउने र सामाजिक सञ्जालमा राख्ने ।
- अनलाईन यौन शोषण : बालबालिकालाई लोभ देखाई, झुक्काई वा धम्की दिएर सामाजिक सञ्जालमा नाङ्गा फोटा, भिडियो राख्न तथा अश्लील काम गर्न लगाउने ।
- साइबर हेपाई (Bullying) : इन्टरनेट मार्फत हेप्ने, धम्क्याउने, हत्तोत्साहित गर्ने, नराम्रो कुरा फैलाउने, बेइज्जत गर्ने ।